# प्रदेश विकास समिति ऐन, २०७७

(मिति २०७७ साल कार्तिक मसान्तसम्म भएका संशोधनहरु समेत मिलाइएको)

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

गण्डकी प्रदेश, पोखरा ।

आन्तरिक मामिला तथा गण्डकी प्रदेश

# प्रदेश विकास समिति ऐन, २०७७

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०७७।०५।०८

<u>संवत् २०७७ सालको ऐन नं. ९</u>

## <u>प्रदेश विकास समिति सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

<u>**प्रस्तावना:**</u> सामाजिक न्याय सहितको तिव्र र दिगो आर्थिक विकासको लक्ष्य हासिल गर्न प्रदेशका विकास योजना तथा भाषा, संस्कृति लगायतका सामाजिक क्षेत्रको विकास कार्यलाई शीघ्र र व्यवस्थित रुपमा सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भ:**</u> (१) यो ऐनको नाम "प्रदेश विकास समिति ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**परिभाषा:**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले दफा ३ बमोजिमको समिति सम्झनु पर्छ।

(ग) "सूचित आदेश" भन्नाले प्रदेश राजपत्रमा प्रकाशित आदेश सम्झनु पर्छ।

३. <u>**समिति गठन गर्ने प्रदेश सरकारको अधिकार:**</u> (१) प्रदेश सरकारले उचित वा आवश्यक ठहराएमा कुनै विकास योजना वा भाषा, संस्कृति लगायतका सामाजिक क्षेत्रको विकास कार्यलाई शीघ्र र व्यवस्थित रुपमा सञ्चालन गर्न सूचित आदेशद्वारा समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य, अधिकार र अन्य व्यवस्था सूचित आदेशमा तोकिए बमोजिम हुनेछ।

४. <u>**सङ्गठित संस्था हुने:**</u> (१) समिति अविच्छिन्न उत्तराधिकारवाला सङ्गठित संस्था हुनेछ।

(२) समितिको सबै कामका लागि आफ्नो छुट्टै छाप हुनेछ।

(३) समितिले प्रचलित कानून बमोजिम व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

तर त्यस्तो समितिले अचल सम्पत्ति बेचबिखन गर्दा प्रदेश सरकारमार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) समितिले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

(५) समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र समिति उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

५. <u>**समितिको कोष:**</u> (१) समितिको आफ्नो एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा सङ्घसंस्था वा व्यक्तिबाट प्राप्त सहयोग रकम,

(ग) सङ्घ, संस्था वा व्यक्ति वा दानदातव्यबाट प्राप्त रकम, र

(घ) अन्य कुनै स्रोतबाट प्राप्त वा आर्जित रकम।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम विदेशी सरकार, सङ्घसंस्था वा व्यक्तिबाट सहयोग प्राप्त गर्नु पूर्व समितिले प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) कोषको रकम समितिले तोकेको बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) समितिको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(६) समितिको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

६. **लेखा र लेखापरीक्षण** : (१) समितिको आयव्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) समितिको लेखाको अन्तिम लेखा परीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ।

७. **समितिका कर्मचारी सम्बन्धी व्यवस्था:** (१) समितिको काम कारबाही सुचारू रुपले सञ्चालन गर्न समितिले आवश्यकता अनुसार कर्मचारी करारमा नियुक्त गर्न सक्नेछ।

तर यसरी करारमा नियुक्ति गर्दा लोक सेवा आयोगबाट स्वीकृत भएका सिद्धान्त बमोजिम गर्नुपर्नेछ।

(२) समितिको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रदेश सरकारबाट स्वीकृत भएपछि मात्र उपदफा (१) बमोजिम कर्मचारी नियुक्ति गर्न सकिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले समितिको कार्य सञ्चालनका लागि प्रदेश निजामती कर्मचारीलाई समेत काज खटाउन सक्नेछ।

८. **समितिको विघटनः** (१) प्रदेश सरकारले समितिलाई कायम राखी रहन आवश्यक नदेखेमा वा समितिको तोकिएको काम पूरा भएमा प्रदेश सरकारले सूचित आदेशद्वारा समितिलाई विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएको अवस्थामाः-

(क) समितिको सबै चलअचल सम्पत्ति र दायित्त्व प्रदेश सरकारको हुनेछ।

(ख) समितिसँग लिएका सबै ठेक्काहरू प्रदेश सरकारसँग लिइएका मानिनेछ।

(३) उपदफा (१) बमोजिम समिति विघटन भएमा समितिले नियुक्त गरेका सबै कर्मचारीहरूको करार स्वतः अन्त्य भएको मानिनेछ।

९. **आवश्यक निर्देशन दिन सक्नेः** प्रदेश सरकारले समितिको काम कारबाहीको विषयमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ।

१०. **नियम बनाउने अधिकारः** (१) समितिको काम कारबाही सुचारु रुपले सञ्चालन गर्न यस ऐनको अधीनमा रही समितिले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम समितिले बनाएको नियम प्रदेश सरकारबाट स्वीकृत भएपछि लागु हुनेछ।

११. **बचाउः** यो ऐन लागु हुनु पूर्व प्रदेश सरकारले जारी गरेका गठन आदेश यसै ऐन बमोजिम जारी भएको मानिनेछ।